स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता राजेश हमालले विश्वव्यापी प्रविधिको क्रान्तिले चलचित्र उद्योगमा नयाँ चुनौतीसँगै अवसर पनि ल्याएको बताएका छन्। दर्शकको सोच र समयसँगै आउने परिवर्तनलाई चलचित्र क्षेत्रले स्वीकार गर्नुपर्ने उनको धारणा रहेको छ। त्यस्तै चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले नेपाली चलचित्रलाई जोगाउन र रोजगारी सिर्जनामा हमालको योगदानको प्रशंसा गरे।

**आजको विचार...**



सामाजिक...
(दुई पेजमा)

सरिता लामिछाने



भ्रष्टाचार, असमानता, सत्ताको दुरुपयोग र सामाजिक सञ्जाल बन्दको विरुद्धमा जेनजी पुस्ताले सोमबार (२३ भदौ)का लागि आह्वान गरेको आन्दोलनलाई कलाकारहरुले पनि समर्थन जनाउन थालेका छन्। काठमाडौंस्थित माइतीघर मण्डलामा हुन लागेको आन्दोलनलाई कलाकारहरुले समर्थन र ऐक्यबद्धता जनाउँदै त्यससम्बन्धी पोस्टहरु सामाजिक सञ्जालमा सेअर गरिरहेका छन्। हाम्रो अधिकार कोही रोक्न सक्दैन। हाम्रो आवाज दबिँदैन।

❒ वर्ष ३१ ❒ अंक ५४ ❒ २०८२ भदौ २४ गते मंगलबार 9 September 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### व्यापार वृद्धिमा चीनको अग्रसरता

(रासस/एएफपी)

**बेइजिङ,** भदौ २३/चीनको अगस्ट महिनाको निर्यात वार्षिक आधारमा ४.४ प्रतिशतले वृद्धि भए पनि यो वृद्धि आर्थिक विश्लेषकहरूले गरेका पूर्वानुमानभन्दा कम भएको देखिएको छ । अमेरिकातर्फको निर्यात घटे पनि दक्षिणपूर्वी एसिया र युरोपतर्फको निर्यातमा उल्लेखनीय सुधार देखिएको छ । यस वर्ष चीन र अमेरिकाबीचको व्यापार सम्बन्धमा चर्को उतारचढाव आएको छ, जसअन्तर्गत दुबै देशले एकअर्काको वस्तुहरूमा उच्च टारिफ (मासुल) लगाएका छन् । आधिकारिक तथ्याङ्क अनुसार, अगस्टमा अमेरिकातर्फको निर्यात अघिल्लो महिनाको तुलनामा ११.८ प्रतिशतले घट्यो भने गत वर्षको सोही महिनाको तुलनामा ३३.१ प्रतिशतले कमी आएको छ । यद्यपि, युरोपेली संघतर्फको निर्यातमा १०.४ प्रतिशत र दक्षिणपूर्वी एसियाली राष्ट्रहरूतर्फको निर्यातमा २२.५ प्रतिशतले वृद्धि भएको छ । तर कुल निर्यात वृद्धि ब्लूमबर्गद्वारा गरिएको ५.५ प्रतिशतको पूर्वानुमानभन्दा कम रह्यो । टारिफको डरले चाँडै सामान पठाउने प्रवृत्ति अब घट्दै पिनपोइन्ट एसेट म्यानेजमेन्टका अध्यक्ष तथा प्रमुख अर्थशास्त्री झीवेई झाङले बताएअनुसार, विगतमा टारिफ बढ्ने डरले व्यवसायीहरूले चाँडै सामान पठाउने (फ्रन्टलोडिङ) प्रवृत्ति देखिएको थियो, तर अब त्यो प्रभाव क्रमश: कम हुँदै गएको छ ।

## देशका मुख्य शहरमा जेन–जीको प्रदर्शन

# गोली लागेर दर्जन बढीको मृत्यु, ठाउँ-ठाउँमा कर्फ्यु

हाम्रा संवाददाता

**पाल्पा,** भदौं २३/भ्रष्टाचार र सामाजिक सञ्जाल प्रतिबन्धको निर्णयका विरुद्ध जेन-जीहरूले देशका मुख्य-मुख्य शहरमा प्रदर्शन गरेका छन् । सामाजिक सञ्जालमा आह्वान गरिएको आन्दोलनका लागि सोमबार स्वत:स्फूर्त जेन-जीहरू भेला भई प्रर्दशन गरेका थिए ।

यो समाचार तयार पार्दासम्म काठमाडौंको बानेश्वरमा भएको प्रदर्शनका क्रममा प्रहरीले गोली चलाउँदा १४ जनाको मृत्यु भएको छ । ट्रमा सेन्टरमा ७, एभरेस्टमा ३, सिभिल अस्पतालमा २, त्रिवि शिक्षणमा १ र केएमसीमा १ जनाको मृत्यु भएको हो । विभिन्न अस्पतालमा २ सयभन्दा बढीको उपचार भइरहेको छ । सिभिलमा १००, ट्रमामा ५०, एभरेस्टमा २०, केएमसीमा ३५, वीरमा ७ र पाटन अस्पतालमा ४ जनाको उपचार भइरहेको छ । प्रदर्शनले उग्ररुप लिएपछि प्रहरीले पानीको फोहोरा, अश्रुग्यास र रबरको गोली चलाएको थियो । प्रदर्शनका क्रममा केही सुरक्षाकर्मी समेत घाइते भएका छन् । प्रदर्शनका क्रममा गोली लागेर तीनजना पत्रकार पनि घाइते भएका छन् । नयाँ पत्रिकाका फोटो पत्रकार दीपेन्द्र ढुंगाना, नेपाल प्रेसका फोटो पत्रकार उमेश कार्की र कान्तिपुर टेलिभिजनका पत्रकार श्याम श्रेष्ठ घाइते भएका हुन् । बानेश्वरमा भइरहेको प्रदर्शनको रिपोर्टिङ गरिरहेका बेला प्रहरीले चलाएको गोली उनीहरुलाई लागेको हो । संसद् घेराउ गर्नका लागि जेन जी प्रदर्शनकारी पुगेपछि र ढुंगामुढा गरिएपछि काठमाडौं जिल्ला प्रशासनले उक्त क्षेत्रमा कर्फ्यु आदेश जारी गरेको थियो । कर्फ्यु आदेश जारी भएसँगै बानेश्वरमा सेना परिचालन गरिएको थियो । यस्तै जेनजीहरूले बुटवल, भैरहवामा पनि प्रर्दशन गरेका थिए । यहाँ प्रदर्शन उग्र भएपछि कृर्फ्यु आदेश जारी गरिएको थियो । जेनजीहरूले प्रदर्शन गर्दै तोडफोडमा उत्रिएपछि अवस्थालाई मध्यनजर गर्दै जिल्लामा राती दश बजेसम्मका लागि कर्फ्यु आदेश जारी गरिएको थियो । भैरहवा क्षेत्रको पूर्वमा रोहिणी खोलासम्म, पश्चिममा बेथरी पुलसम्म, उत्तरमा बुद्धचोकसम्म, दक्षिणमा मेउडिहवासम्म, बुटवल बेलहिया सडक खण्डको दायाँबायाँ एक सय मिटरसम्म चार किल्ला तोकिएको छ । त्यस्तै बुटवल क्षेत्रको पूर्वमा पेट्रोलपम्प धागो कारखाना पुलसम्म, पश्चिममा बेलवास चोकसम्म, उत्तर चिडिया खोलासम्म र दक्षिणमा मंगलापुरसम्म चार किल्ला तोकिएको हो । जेनजीहरूले पाल्पा, पोखरा, जनकपुर, इटहरी लगायतका शहरमा पनि प्रर्दन गरेका थिए । सामाजिक सञ्जाल प्रतिबन्ध र भ्रष्टाचार विरुद्ध नयाँ पुस्ताका युवा (जेनजी)हरू सडक प्रदर्शनमा उत्रिएका छन् । सरकारले समयसिमा तोकेर नेपालमा दर्ता हुन दिएको समयावधि सकिएपछि हाल बन्द गरिएका सामाजिक सञ्जालको सुचारु र भ्रष्टाचारको अन्त्यको माग गर्दै जेन जी पुस्ताका युवाहरूको समूहले प्रदर्शन गरेका हुन् । सामाजिक सञ्जालमा सरकारले लगाएको प्रतिबन्ध र भ्रष्टाचारको विरोधमा ‘जेन-जी’ (सन् १९९७-सन् २०१२ सम्म जन्मिएको पुस्ता) को विरोध डिजिटल हुँदै सडकसम्म पुगेको छ । काठमाडौँसहित देशका मुख्य सहरमा उनीहरुले प्रदर्शन गर्दै आएका छन् ।



## साक्षर समाज–सक्षम राष्ट्र

**शिक्षा:**

-आत्मनिर्भर जीवनको लागि,
-रोजगारी र अवसरको लागि,
-सामाजिक विकास र समृद्ध राष्ट्रको लागि,
-लैंगिक, जातीय र क्षेत्रीय समानताको लागि,
-अधिकार र कर्तव्य बोधका लागि,
-स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
-आर्थिक सशक्तिकरणका लागि ।

त्यसैले शिक्षित बनौं, प्रगतिको पथमा लम्किऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# आज बीपी जयन्ती विभिन्न कार्यक्रम गरी मनाइँदै

**पाल्पा,** भदौ २३/नेपालको राजनीति र साहित्यमा महत्वपूर्ण योगदान दिएका पहिलो जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालाको ११२ औं जन्मजयन्ती विभिन्न कार्यक्रम गरी आज देशभर मनाइँदैछ । नेपाली काँग्रेस, पार्टीका भातृ संस्था/शुभेच्छुक संस्थाहरुले कोइरालाको सम्झनामा विभिन्न कार्यक्रम गरी जन्मजयन्ती मनाउन लागेका हुन् ।



नेपालमा प्रजातन्त्रको स्थापना एवं पुन:स्थापनाका लागि कठोर सैंर्ष गरेका कोइरालाको विसं १९७१ भदौ २४ गते जन्म भएको थियो । जहानियाँ राणा शासनको विरोधमा उनका पिता कृष्णप्रसाद कोइरालाले गरिब किसानले पहिरेको कपडा राणा प्रधानमन्त्री चन्द्रशम्शेरलाई ‘पार्सल’ गरी पठाएपछि कोइराला परिवार भारत निर्वासनमा जानुपरेको थियो । भारत निर्वासनमै बीपीले भारतको स्वतन्त्रता सङ्ग्राममा भाग लिएका थिए । भारत स्वतन्त्र भएपछि नेपालमा प्रजातन्त्र स्थापनाका लागि सहज हुन्छ भन्ने सोचले उनी त्यो आन्दोलनमा सक्रिय भएका थिए । भारत निर्वासन कै क्रममा जहानियाँ राणा शासनको अन्त्य गर्न विसं २००३ मा बीपीको नेतृत्वमा नेपाली राष्ट्रिय काँग्रेस स्थापना भयो । प्रजातन्त्र स्थापना नै मुख्य लक्ष्य लिएर सुवर्ण शम्शेरको नेतृत्वमा २००६ सालमा स्थापना भएको नेपाल प्रजातन्त्र काँग्रेसबीच एकता भएपछि २००७ सालको क्रान्ति सफल भयो । दुवै दल एकीकृत भई बनेको नेपाली काँग्रेस अहिले पनि संसद्मा पहिलो दलको रुपमा रहेको छ । क्रान्तिको सफलतापछि मोहनशम्शेरको नेतृत्वमा बनेको राणा-कांग्रेस सरकारमा बीपी गृहमन्त्री बने । २०१५ सालको आमनिर्वाचनमा काँग्रेसले दुई तिहाई बहुमत प्राप्त गरेपछि प्रथम जननिर्वाचित प्रधानमन्त्री बनेका कोइरालाले नेपालमा राष्ट्रियता, प्रजातन्त्र र समाजवाद स्थापनाका लागि राजनीतिक नेतृत्व प्रदान गरे । प्रधानमन्त्रीत्व कालमा उनले बिर्ता उन्मूलन गरी ‘जग्गा जोत्नेको हुनुपर्छ’ भन्ने भूमिसुधार कार्यक्रम लागू गराए । विसं २०१७ पुस १ गते शाही नेपाली सेनाको शक्तिका भरमा जननिर्वाचित सरकार अपदस्थ गरिएपछि कोइरालालगायत नेतालाई सिंहदरबारमा बन्दी बनाइएको थियो ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## श्रद्धाकर्म सोह्रश्राद्ध

प्रत्येक वर्ष आश्विन कृष्ण पक्षदेखि सुरु हुने सोह्रश्राद्ध सोमबारदेखि सुरु भएको छ । सोह्र दिनसम्म चल्ने यस श्राद्धलाई पितृ पक्ष पनि भनिन्छ । हिन्दू धर्मावलम्बीले यस अवधिमा आफ्ना दिवंगत पूर्खालाई तिथी मिलाएर तर्पण, पिण्डदान र ब्राह्मण भोजन गराउने गर्छन् । हाम्रो समाज पितृप्रधान रहेकाले मूल पुरुषको तिथीमा अन्य पूर्खालाई स्मरण गरी श्राद्ध गरिने परम्परा रहेको छ । एकतिष्ट, पार्वानी, महालयलगायत श्राद्ध प्रचलनमा छ । सोह्रश्राद्धलाई महालय पनि भनिन्छ । श्राद्ध भनेको दिवंगत आत्मालाई श्रद्धार्पण गर्ने काम हो । सोह्रश्राद्धको वैदिक संस्कृतिमा विशेष महत्व छ । १६ दिनको यो पितृपक्षमा पितृको मृत्यु तिथीमा श्राद्ध गरेर बिदाई गरेपछि बल्ल दशैंको रौनकको औपचारिक रुपमा शुरुवात हुने गर्दछ । सोह्र श्राद्ध, पितृपक्ष, कगंत, जितीया, महालय पक्ष, पितृ पोखो आदि विभिन्न नामले यी पवित्र १६ दिनको पुकारा गरिन्छ ।

सूर्य कन्या राशीमा प्रवेश गर्दा यो पर्व हुन्छ भने कन्या राशीमा सूर्य सरेको बखत दिवंगत पितृहरूलाई पिण्डदान नगर्ने पुत्रहरू पापी हुन्, कृतघ्न हुन् भनेर बताइएको छ । गृहस्थी भएर आश्विनको पितृपक्षमा श्राद्ध नगर्नेका लागि उसका धन र सम्पत्ति, वैभव एवं उसका सन्तति निरर्थक हुन्छन्, पितृहरूको श्वास–प्रश्वास रोकेर उनीहरूलाई हुने पीडाले परिवारको भरण पोषणमात्र खोज्नु राम्रो हुँदैन । यो १५ दिनको पक्षभित्र जहिले श्राद्ध गरे पनि हुन्छ किन्तु बाबुको या नसके बाजेको तिथिमा लिइनु राम्रो मानिन्छ । सुतक, जुठो वा असर्धो समय परे एकादशी या औंसीमा गरिनुपर्छ । रोकिएकाले नगर्ने भन्ने होइन, यो १५ दिन नै रोकिएमा लक्ष्मीपूजाको औंसीमा गर्न पनि सकिन्छ । जुन पिता माताबाट हामीलाई यो शरीर मिल्यो, लालन पालन भयो मरेपछि उनीहरूका लागि कुनै विशेष सत्कार गर्न सकेनौं भने त्योभन्दा ठूलो कृतघ्नता अरू केही हुन सक्दैन । मातापिताको ऋण सय वर्ष भोग्न सयौं जन्मसम्म पनि तिर्न सकिँदैन । यसर्थ उनीहरूको नाममा दान गर्दा पितृहरूको आत्मा तृप्त हुने मान्यता रहेको छ । श्राद्धकर्ममा श्रद्धाभाव अनिवार्य छ । मन, वचन, पदार्थ, मन्त्रोच्चारण, ब्राह्मण सबैको पवित्रता र शुद्धता अनिवार्य हुन्छ । तर्पण, पिण्डदान र ब्राह्मण भोजन यस कार्यका प्रमुख अङ्ग हुन् । श्रद्धापूर्वक यस कर्मको अनुष्ठान गर्ने मनुष्यलाई पितृहरूले कल्याण गर्ने र पितृहरूप्रति उपेक्षाभाव राखी श्राद्धकर्मद्वारा पितृऋण नतिर्ने मनुष्यलाई प्रेतात्मा तथा पितृहरूले नष्ट गर्ने भएकाले आ–आफ्ना शास्त्रीय पद्धति अनुसार सबैले आफ्ना पितृहरूको श्राद्ध गर्नुपर्ने देखिन्छ ।

## Opinion @ Social Network

चाहनाले सबै चिज आफ्नो हुँदैन, हरेक मुस्कुराउत खुसी हुँदैन
इच्छा त छन् तर, कहिले समय र कहिले भाग्य सही हुँदैन ।
(शंकर शर्माको फेसबुक स्टाटसबाट www.facebook.com/Sankar.Sharma)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सामाजिक सञ्जाल बन्द र पहुँचविहीन नागरिकको पीडा



सरिता लामिछाने

*दृष्टिविहीन वा अन्य अपाङ्गता भएका विद्यार्थीहरूको लागि ब्रेल लिपिमा पुस्तक छैन, बनेका सामग्रीमा साङ्केतिक भाषाको व्यवस्था छैन र अत्याधुनिक प्रविधि प्रयोग गर्ने प्रशिक्षण सबै तह र प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि उपलब्ध छैन । तर फेसबुक, युट्युब, एक्स जस्ता प्लेटफर्ममार्फत उनीहरूले अध्ययन, सिप विकास र सामाजिक अभिव्यक्ति कायम राख्ने अवसर पाउँथे । जब यी ढोका बन्द भए, उनीहरूको शिक्षा, स्वतन्त्रता र आवाज प्रत्यक्ष जोखिममा परेको छ । मलाई राम्रोसँग ब्रेल लिपी पढ्न आउँदैन । मसीको अक्षर पनि म राम्रो सँग देख्न सक्दिनँ । त्यही कारण म सिक्षक सेवा आयोगको पाठ्यक्रम युट्युबमार्फत सुन्ने गर्थें । मिहिनेत पनि राम्रो गरेको थिएँ । केही त मोबाइलमा डाउनलोड गरें । सबै गर्न सम्भव भएन । सरकारले बन्द गरिसकेपछि अब मेरो पढाइ डुबिगयो नि । शिक्षक बन्ने सपना पनि आकासको फल आँखा तरी मर भयो । यसमा सबैभन्दा ठूलो जिम्मेवारी सरकार र सरकारको नेतृत्वकर्ता राजनीतिक दलहरूको काँधमा जान्छ । त्यसपछि भने डिजिटल प्लेटफर्मका धनीहरूको बेवास्ता पनि जिम्मेवार छ । कारण सुरुमै पहुँचयोग्य सामग्री र समावेशी प्रविधि नबनाउँदा डिजिटल विभाजन गहिरो हुँदै गएको छ । एकातिर पहुँचयोग्य डिजिटल सामग्री छैन, अर्कोतिर सरकारले भएका सामाजिक सञ्जालहरूलाई पनि बन्द गरिदियो ।*

सरकारले भर्खरै विभिन्न सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्महरू सञ्चालनमा रोक लगायो । ती सामाजिक सञ्जालमाथि रोक लगाउँदा केन्टेन्ट क्रिएटर तथा स्टार्टअप कम्पनीहरूको आम्दानी घट्न थालेको छ भने दृष्टिविहीनका लागि झनै चुनौती थपिएको छ । सरकारले सामाजिक सञ्जालहरू अस्थायी वा स्थायी प्रतिबन्धको प्रक्रिया तीव्र रूपमा अघि बढाएको छ । सामाजिक सञ्जाल बन्द गर्नुका मुख्य कारणहरूमा गलत सूचना, दुर्व्यवहार, सामाजिक अशान्ति फैलाउने सामग्री र नागरिक सुरक्षा चुनौतीहरूलाई नियन्त्रण गर्नु रहेको देखिन्छ । यसको उद्देश्य डिजिटल माध्यममार्फत फैलिरहेको गलत जानकारी र हिंसात्मक प्रवृत्तिलाई न्यूनीकरण गर्दै नागरिकको सुरक्षा र सामाजिक स्थायित्व सुनिश्चित गर्नु हो । तर यसैबीच, डिजिटल प्लेटफर्म निर्माताहरूको दृष्टिकोण भने फरक छ । उनीहरूको प्राथमिकता स्वतन्त्र सूचना प्रवाह, प्रयोगकर्ताको अभिव्यक्ति स्वतन्त्रता र व्यावसायिक तथा सामाजिक पहुँच कायम राख्नु हो । यही भिन्न दृष्टिकोणले सरकार र प्लेटफर्मबीच बारम्बार विवाद र असन्तुलन सिर्जना गरेको छ ।

**पहुँचविहीन नागरिक र डिजिटल दूरी :** गाउँकी आमा जो विदेशमा रहेका छोराछोरीसँग फेसबुक म्यासेन्जरमार्फत भिडियो कल गर्दै न्यास्रो मेटाउँदै समय बिताउँथिन् । अब त्यो सुविधा बन्द भयो। त्यस्तै, गाउँका हजुरबा-हजुरआमा जो चौतारामा बसेर आवातजावत गर्ने मान्छेहरूलाई हेर्ने अवसर गाउँ प्राय: खाली भएर गुमेपश्चात् सामाजिक सञ्जालमार्फत भिडियो हेरेर टाढा रहेका परिवार र नातेदारसँग कुराकानी गर्थे । उनीहरूको एकल जीवन अहिले अझ एकान्तपूर्ण बनेको छ । जसले मानसिक स्वास्थ्यमा प्रत्यक्ष असर पुऱ्याउँछ । सामाजिक सञ्जालले जुटाइदिएको त्यो पारिवारिक सम्बन्ध प्रतिबन्धपछि झन्-झन् कमजोर भइरहेको छ। सामाजिक एकता घट्न र भावनात्मक दूरी बढ्न थालेको छ । डिजिटल प्लेटफर्म बन्द हुँदा, केवल पहुँचविहीन नागरिक मात्र पीडित हुँदैनन्ह उनीहरूको सामाजिक, भावनात्मक र मानसिक जीवन पनि संकटमा पर्न थालेको छ ।

**अपाङ्गता भएका व्यक्तिहरूलाई थप चुनौती :** नेपालमा उच्च शिक्षासम्मको शैक्षिक सामग्री सबैका लागि समान रूपमा उपलब्ध छैन। दृष्टिविहीन वा अन्य अपाङ्गता भएका विद्यार्थीहरूको लागि ब्रेल लिपिमा पुस्तक छैन, बनेका सामग्रीमा साङ्केतिक भाषाको व्यवस्था छैन र अत्याधुनिक प्रविधि प्रयोग गर्ने प्रशिक्षण सबै तह र प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि उपलब्ध छैन । तर फेसबुक, युट्युब, एक्स जस्ता प्लेटफर्ममार्फत उनीहरूले अध्ययन, सिप विकास र सामाजिक अभिव्यक्ति कायम राख्ने अवसर पाउँथे । जब यी ढोका बन्द भए, उनीहरूको शिक्षा, स्वतन्त्रता र आवाज प्रत्यक्ष जोखिममा परेको छ । मलाई राम्रोसँग ब्रेल लिपी पढ्न आउँदैन । मसीको अक्षर पनि म राम्रो सँग देख्न सक्दिनँ । त्यही कारण म सिक्षक सेवा आयोगको पाठ्यक्रम युट्युबमार्फत सुन्ने गर्थें । मिहिनेत पनि राम्रो गरेको थिएँ । केही त मोबाइलमा डाउनलोड गरें । सबै गर्न सम्भव भएन । सरकारले बन्द गरिसकेपछि अब मेरो पढाइ डुबिगयो नि । शिक्षक बन्ने सपना पनि आकासको फल आँखा तरी मर भयो । यसमा सबैभन्दा ठूलो जिम्मेवारी सरकार र सरकारको नेतृत्वकर्ता राजनीतिक दलहरूको काँधमा जान्छ । त्यसपछि भने डिजिटल प्लेटफर्मका धनीहरूको बेवास्ता पनि जिम्मेवार छ । कारण सुरुमै पहुँचयोग्य सामग्री र समावेशी प्रविधि नबनाउँदा डिजिटल विभाजन गहिरो हुँदै गएको छ । एकातिर पहुँचयोग्य डिजिटल सामग्री छैन, अर्कोतिर सरकारले भएका सामाजिक सञ्जालहरूलाई पनि बन्द गरिदियो । अब दृष्टिविहीन भएका विद्यार्थी, शिक्षक र अभिभावकसामु अध्ययन सामग्री कसरी जुटाउने र कहाँबाट उपलब्ध गराउने थप चुनौतीको पहाड खडा भएको छ । उनीहरूको पीडा कसले सुनिदिने हो ?

**कानुनी र संवैधानिक आधार :** नेपालको संविधानले प्रत्येक नागरिकलाई समानता, अभिव्यक्ति स्वतन्त्रता, सञ्चार र सूचना पहुँचको अधिकार सुनिश्चित गरेको छ। डिजिटल पहुँच नहुँदा यी अधिकारको उल्लैन हुन्छ। साथै, अपाङ्गतासम्बन्धी ऐन र डिजिटल पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय कन्भेन्सनहरू (जस्तै सीआरपीडी)ले पनि सबैका लागि समावेशी पहुँच सुनिश्चित गर्न बाध्य बनाएको छ । तर सञ्चार तथा सूचना प्रविधि मन्त्रालय दर्ता गर्न आएन भनेर आवेशमा आएर सामाजिक सञ्जाल नै बन्रुद गरी अधिनायकवादको बाटोमा अग्रसर हुनु पक्कै राम्रो होइन। कालान्तरमा यसले अभिव्यक्ति स्वतन्त्रता माग्दै जनता सडकमा आउन बेर लाग्दैन । कानुनी आधारहरू देखाउँदै युवाहरू, फरक क्षमता भएका व्ययक्तिहरू, सामाजिक अगुवाहरू, अभिव्ययक्ति स्वतन्ताका अभियन्ताहरू सडकमा नआउलान् भन्न सकिन्न ।

**डिजिटल विभाजनको जिम्मेवारी :** प्रविधिमा दक्ष व्यक्ति भीपीएन प्रयोग गरेर सजिलै प्लेटफर्म पहुँच गर्न सक्छन्। तर ग्रामीण, अपाङ्गता भएका, महिला र आर्थिक रूपमा कमजोर समूहहरू त्यसरी पहुँच पाउँदैनन् । सरकारको बन्देज र डिजिटल प्लेटफर्मको बेवास्ता मिलेर डिजिटल विखण्डनलाई अझ गहिरो बनाउँछ । यसले सामाजिक असमानता, शिक्षा र अवसरको असमान वितरणलाई बढावा दिन्छ । त्यसकारण सरकारले यी सबै कुरालाई मनन् गर्दै बेलैमा संवैधानिक र कानुनी अधिकारलाई कुण्ठित नगरी सामाजिक सञ्जालमाथिको प्रतिबन्ध तत्काल फुकुवा गर्नु नै उपयुक्त हुन्छ ।

**समाधान र सिफारिस :** प्लेटफर्म दर्ता प्रक्रिया चरणबद्ध र स्पष्ट समयसीमासहित सम्पन्न गरिनुपर्छ । शिक्षा, स्वास्थ्य र आपतकालीन सूचना स्रोतहरू बन्द नगरियोस् ।

अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयोग्य वैकल्पिक प्लेटफर्म र सामग्री सुनिश्चित गरियोस् । नागरिकलाई भीपीएन, डिजिटल साक्षरता र सुरक्षित प्रविधि प्रयोगबारे सचेत गरियोस् । सरकार, उद्योग र नागरिक समाजबीच नियमित संवाद संयन्त्र विकास गरियोस्।

**निष्कर्ष :** प्रधानमन्त्रीज्यू, बन्देजले समस्या समाधान हुँदैन । शिक्षा, मानसिक स्वास्थ्य, सामाजिक सम्बन्ध र अधिकारको सुनिश्चितता बिना डिजिटल नियन्त्रण अपूरो रहन्छ । धनाढ्य र सजिलै पहुँच पाउने वर्ग प्लेटफर्म प्रयोग गर्न सक्छन्, तर ग्रामीण, अपाङ्गता भएका, महिला र कमजोर आर्थिक वर्ग पूर्ण रूपमा विच्छिन्न हुन्छन् । यही नै डिजिटल विखण्डन हो । हामी आग्रह गर्छौं, सामाजिक सञ्जाल नियन्त्रण होइन, समावेशी सहकार्य, पहुँचयोग्य र सुरक्षित संवादको बाटो अपनाइयोस् ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सामाजिक मानसम्मानमा वृद्धि हुनेछ। सम्पत्तिको क्रय विक्रयले लाभ होला। | **तुला** : घरमा माहौल बिग्रेला सावधान र हनुहोस्। सन्तानबाट सहयोग मिल्नेछ। |
| **वृष** : सकारात्मक सोच राख्नुहोस् सफलता मिल्नेछ। योजनाहरू प्रारम्भ गर्न सकिनेछ। | **वृश्चिक** : पहिला गरेको लगानीबाट लाभ मिल्ला। स्वास्थ्यमा सुधार आउनेछ। |
| **मिथुन** : पुराना विवादहरू सुल्झिनेछन्। मनलाई शान्त राख्ने प्रयास गर्नुहोस्। | **धनु** : समय राम्रो रहेको छ। पारिवारिक जिम्मेवारीले गर्दा स्वास्थ्य कमजोर हुन सक्छ। |
| **कर्कट** : समयमा कार्य पूरा गर्न सकिनेछ। हिसाब किताबमा सावधानी राख्नुहोस्। | **मकर** : हराएको सामान मिल्न सक्छ। कार्यक्षेत्रमा नयाँ अवसर हात लाग्नेछ। |
| **सिंह** : ईर्ष्याले गर्दा हजुरको कार्यशैलीको आलोचना होला। धार्मिक यात्राको योग छ। | **कुम्भ** :कानुनी पक्ष सबल रहनेछ। कडा परिश्रम लक्ष्य प्राप्तिमा सहायक हुनेछ। |
| **कन्या** : व्यक्तिसँग परामर्श लिनुहोला। आध्यात्मिक चिन्तनमा मन रमाउनेछ। | **मीन** : योजनाहरूलाई साकार रूप दिने समय रहेको छ। समय अनुकूल रहनेछ। |

## विज्ञान/सूचना प्रविधि

# फेसबुक मनिटाइजेसन अब नेपालबाटै, कसरी गर्ने ?



गीतकार लोकराज अधिकारीले नेपालमा फेसबुकले मनिटाइजेसनको सुविधा दिनासाथ प्रक्रिया चाले । त्यसअघि नै स्टार मनिटाइजेसनको सुविधा प्रयोग गरेका उनले आफ्नै कन्टेन्टबाट आम्दानी हुने अपेक्षाले कन्टेन्ट मनिटाइज गरे । स्टार मनिटाइजेसनमा अरूले गिफ्ट दिएपछि मात्र कमाई हुन्छ भने यसमा आफ्नै कन्टेन्टबाट आम्दानी गर्न सकिन्छ । त्यसैले उनले आफ्नो प्यान र बैंक खाताको विवरण अपलोड गरेर फेसबुकले मागेको प्रक्रिया पूरा गरे । त्यसपछि फेसबुकबाट अग्रिमेन्ट लेटर प्राप्त भयो र विवरण भरेपछि तुरुन्तै मनिटाइजेसन सुरु भयो । उनको अनुभवअनुसार अहिले भिडियो, टेक्स्ट, फोटो र रिल्स सबै प्रकारका कन्टेन्टबाट आम्दानी हुन थालेको छ । विशेषगरी, फोटोबाट सबैभन्दा धेरै कमाई भएको छ, त्यसपछि टेक्स्ट र रिल्सबाट पनि आम्दानी भएको उनले बताए । मनिटाइज गरेको दुई दिनमा ८८ सेन्ट डलर आम्दानी अधिकारीको भएको छ । यो रकम उनको कन्टेन्टको भ्यूज र हेर्ने समयका आधारमा प्राप्त भएको हुनसक्ने अनुमान छ । यो सुविधा पहिले उपलब्ध नभएको र अब नेपालमा मनिटाइजेसन सुविधा दिने फेसबुकको नीतिले आफ्नै कन्टेन्टबाट आम्दानी गर्न सहज भएको उनको भनाइ छ । साथै, उनका अन्य साथीहरूले पनि यो सुविधाबाट कमाई सुरु गरेको उनले बताए । यसरी अहिले नेपालमा फेसबुक मनिटाइज गर्ने ट्रेन्ड नै चलेको छ । अधिकांशले 'कसरी मनिटाइज गर्ने वा कति जोखिम छ' भन्दै चासो व्यक्त गरिरहेको पनि देख्न सकिन्छ । कतिपयले आम्दानी पनि गर्न थालेको भन्दै सामाजिक संजालमा पोस्ट राखिरहेका छन् । फेसबुकले नेपाललाई मनिटाइजेसन प्रोगाममा सामेल गराउन अरू देशको तुलनामा निकै ढिला गरेको हो । विश्वका धेरैजसो देशलाई मनिटाइजेसनका लागि योग्य देशको सूचीमा सुरुमै समेटेको फेसबुकले एशियाका नेपाल, माल्दिभ्स, भुटान, पाकिस्तान, बंगलादेश, थाइल्यान्ड, अफगानिस्तानलाई भने समेटेको थिएन । पछिल्लो पटक थाइल्यान्डलाई योग्यको सूचीमा राख्दा समेत फेसबुकले मनिटाइजेसन एलिजीबल देशको सूचीमा नेपाललाई समेटेन । तर, गत सोमबारबाट भने फेसबुकले नेपाललाई पनि फेसबुक मनिटाइजेसन एलिजीबल कन्ट्रिको सूचीमा राखेको छ । मनिटाइजेसनका लागि योग्यता फेसबुकले मनिटाइजेसनका लागि योग्य देशको सूचीमा नेपाललाई राख्नेबित्तिकै सबै प्रयोगकर्ताले पैसा आर्जन गर्छन् भन्ने होइन । यसका लागि फेसबुकको मनिटाइजेसन प्रोग्रामको सामेल हुन केही मापदण्ड बनाएको छ । जसका लागि तपाईंको प्रोफाइल वा पेजमा कम्तीमा ५ हजार फलोवर्स पुगेको हुनुपर्छ । साथै ती प्रोफाइल वा पेजमा अपलोड भएका भिडियोहरूमा पछिल्लो ६० दिनभित्र ६० हजार मिनेट वाच टाइम पुगेको हुनुपर्छ । अर्थात् तपाईंले अपलोड गरेका भिडियोहरूमा आएको भ्यूजमा कतिले कति बेर हेरेका छन् भन्ने कुराले अर्थ राख्छ । भ्यूज भन्दा पनि कति मिनेट हेरियो भन्ने वाच टाइमलाई फेसबुकले गणना गर्छ । प्रमुखत: यी दुई कुरा पूरा गरेको हकमा फेसबुकले तपाईंलाई मनिटाइजेसनका लागि आमन्त्रण गर्छ । महत्वपूर्ण कुरा के पनि हो भने, यदि तपाईंले पहिल्यै आफ्नो प्रोफाइल वा पेजमा यौन, हिंसा, अपराधजन्य फेसबुकको कम्युनिटी गाइडलाइन्स विपरीतका सामग्री पोस्ट गर्नुभएको छ भने पनि मनिटाइज हुँदैन । यस्तो अवस्थामा ५ हजार फलोवर्स वा सो भन्दा बढी र वाच टाइम पुगेको छ भने पनि त्यसको अर्थ हुँदैन । आफ्नो पेज वा प्रोफाइलमा कुनै समस्या भए नभएको हेर्न प्रोफाइल स्टाटसमा गएर जाँच गर्न सकिन्छ । मनिटाइजेसन भएपछि पनि फेसबुकको कम्युनिटी गाइडलाइन्स विपरीतका सामग्री पोस्ट गर्नुभयो भने मनिटाइजेसन गुम्न सक्छ र भएको आम्दानी समेत रोकिन सक्छ ।

**कसरी गर्ने मनिटाइज ?**

मनिटाइजेसनका लागि फेसबुकको 'पार्टनर मनिटाइजेसन पोलिसी/कन्टेन्ट मनिटाइजेसन पोलिसी'को पालना गर्नुपर्छ । मौलिक, विश्वसनीय कन्टेन्ट उत्पादन गर्ने, कम्युनिटी गाइड्लाइन्स विपरीतका गतिविधि नगर्नेजस्ता नैतिक आचरणको पालना गर्नुपर्छ । मनिटाइजेसनका लागि योग्य फेसबुक अकाउन्ट र पेजलाई फेसबुकको सिस्टमले स्वत: सूचना पठाउँछ । तपाईं आफ्नो प्रोफाइललाई पेजमा रुपान्तरण गरेर पनि फेसबुकको मनिटाइजेसन प्रोग्राममा सामेल हुन सक्नु हुन्छ । प्रोफाइलमा प्रोफेसनल मोड एक्टिभेट गर्नुभएको छैन भने आफ्नो प्रोफाइल खोलेर थ्री डट आइकनमा क्लीक गरी प्रोफेसनल मोड अन गर्न सकिन्छ । त्यसपछि कन्टेन्ट मनिटाइजेसन ट्याबमा गएर प्रक्रिया पूरा गर्नु पर्ने हुन्छ । फेसबुक पेजका हकमा पनि प्रक्रिया पूरा गर्न प्रोफसनल ड्यासबोर्डमा गएर मनिटाइजेसन सेक्सनमा जान सकिन्छ । वा फेसबुककै मेटा बिजनेसमा गएर मनिटाइजेसन सेक्सनमा जान सकिन्छ । मनिटाइजेसन सेक्सनमा तपाईं पेज योग्य छ वा छैन समेत देखिन्छ । योग्य भए एलिजिबिलिटीमा क्लीक गरी त्यहाँ भनेअनुसार गर्नुपर्छ । अप्लाइ गर्दा नै फेसबुकले बैंक अकाउन्ट लगायतका विवरण माग्छ त्यो भरेर सेटअप गर्न सक्नुहुन्छ । नेपाली क्रिएटर्सले आफ्नो कमाइ सिधै स्थानीय बैंक खातामा प्राप्त गर्न सक्छन् । तपाईंले मोनेटाइजेशन सेटअप गर्दा 'नेपाल' छनोट गरी आफ्नो बैंक विवरण भर्नुपर्छ । यद्यपि, केही क्रिएटर्सले सेटअपको क्रममा भुक्तानी निष्क्रिय भईरहेको गुनासो गरेका छन्, त्यसैले विवरण सही राख्नु महत्त्वपूर्ण छ । फेसबुकले मनिटाइजेसनका लागि नेपाललाई पनि योग्यको सूचीमा राखेसँगै अब नेपाली क्रिएटर्सले आफ्ना भिडियो, रील्स, लाइभ, टेक्स्ट स्ट्याटस, फोटो वा स्टोरीबाट कमाइ गर्न सक्छन् । र, त्यो रकम सिधै आफ्नो स्थानीय बैंक खातामा प्राप्त गर्न सक्छन् ।

**स्क्यामरले भुक्काउन सक्छन्**

अहिले सबैजना मनिटाइज गर्ने लोभमा रहेकाले स्क्यामरले उत्तिकै फाइदा उठाउनसक्ने जोखिम रहेको साइबर सुरक्षा विज्ञहरू बताउँछन् । स्क्यामरहरूले फेसबुकको आधिकारिक अकाउन्ट वा मेटाको नाममा मनिटाइजेसनका लागि प्रक्रिया चाल्न वा पेज जोखिममा रहेको भन्दै नक्कली म्यासेज, इमेल पठाएर तपाईंको फेसबुक अकाउन्टको लगइन विवरण माग्न सक्छन् । यस्ता म्यासेजहरूमा 'तपाईंको पेज मनिटाइजेसनका लागि योग्य भएको छ' भन्दै लिंक पठाइने र त्यसमा क्लिक गर्न प्रेरित गर्ने सम्भावना हुन्छ । यसले तपाईंको व्यक्तिगत जानकारी, जस्तै : इमेल, पासवर्ड वा बैंक खाता विवरण स्क्यामरले लिनसक्छ । त्यस्तै, स्क्यामरहरूले फेसबुकको लोगो र नामको दुरुपयोग गरी नक्कली पेज बनाएर मनिटाइजेसनका लागि आवेदन दिन लगाउँन सक्छन् । मनिटाइज गर्न बैंक खातादेखि प्यानजस्ता व्यक्तिगत विवरण माग्ने भएकाले प्रयोगकर्ता भुक्किन सक्ने जोखिम रहेन्छ । यसबाहेक यसरी मनिटाइज एक्टिभ गर्ने वा अन्य बहानामा लोभ देखाई व्यक्तिगत जानकारी माग्नसक्ने सम्भावना उत्तिकै रहन्छ । त्यसैले यस्ता विषयमा सचेत रहन र मेटाको आधिकारिकता पहिचान गरेर मात्र यो प्रक्रिया चाल्न साइबर विज्ञहरूको सुझाउँछन् । यसबारे कलाकार मनोज गजुरेलले पनि एउटा तस्वीर राख्दै लेखेका छन् नेपालमा फेसबुक मनिटाइज इनेबल भएपछि स्क्यामरर्ह्याकरहरूको बिगबिगी बढ्दैछ । ***-अनलाइन खबर डटकम***

# सामाजिक सञ्जाल बन्द हुँदा इन्टरनेट सेवामा 'लोडसेडिङ'



कुनै वेबसाइट पहिलोपटक खोल्दा ढिलो खुल्छ । यो कुरा तपाईं-हामीमध्ये कतिले याद गरेका छौं ? तर त्यही वेबसाइट दोस्रो पटकदेखि खोल्दा पहिलेभन्दा धेरै छिटो खुल्छ । यस्तो किन हुन्छ ? अहिले देशमा सामाजिक सञ्जाल बन्द छ । देशभित्र सञ्चालित इन्टरनेट सेवा प्रदायक संस्थाहरुले तोकिएका २५ वटा सामाजिक सञ्जाल बन्द गर्दै गएका छन् । एनसेल, नेपाल टेलिकम, वर्ल्डलिङ्कजस्ता ठूला सेवा प्रदायकले बिहीबारदेखि नै आफ्नो नेटवर्कबाट यी सञ्जाल निष्क्रिय पारिसकेका छन् । बाँकीले पनि शुक्रबार साँझसम्म निष्क्रिय पार्ने बताएका छन् । इन्टरनेट सेवा प्रदायकहरुको संस्था इन्टरनेट सेवा प्रदायक संघले प्राविधिक समस्या रहेकाले शुक्रबारसम्म मात्रै सबै सेवा प्रदायकले सामाजिक सञ्जाल बन्द गर्नसक्ने जानकारी सार्वजनिक गरिसकेका छन् । यसरी सामाजिक सञ्जाल बन्द भएसँगै भीपीएनको प्रयोग गरेर सामाजिक सञ्जाल सञ्चालन गर्ने क्रम बढ्ने सामान्य अनुमान इन्टरनेट सेवाप्रदायकको छ । यसमध्ये पैसा तिरेर किनिएको भीपीएन सुरक्षित हुने भए पनि नि:शुल्क भीपीएनले विभिन्न भाइरस, मालवेयर समेत ल्याउने भएकाले जोखिम हुनसक्ने चेतावनी दिइरहेका छन् । यसले अप्ठ्यारो मात्रै नभएर त्रासको अवस्था समेत सिर्जना गराएको छ । सुरुमा उठान गरिएको विषयबारे चर्चा गरौं । कुनै पनि वेबसाइट पहिलोपटक कुनै डिभाइसमा खोल्दा त्यस वेबसाइटका डेटा त्यो डिभाइसमा सुरक्षित भएर बस्छ । त्यसलाई क्यास (cache) भनिन्छ । जब तपाईं दोस्रोपटक त्यही वेबसाइट खोल्नुहुन्छ, वेबसाइटमा पहिले नभएको डेटा मात्रै इन्टरनेटबाट आउँछ । बाँकी डिभाइसमा भएकै डेटा देखिन्छ । थोरै डेटा मात्रै इन्टरनेटबाट आउने भएकाले यसले खुल्ने गतिलाई छिटो बनाउँछ । मोबाइलको डिभाइसमा भएको जस्तै व्यवस्था इन्टरनेट सेवा प्रदायकले समेत गरेका हुन्छन् । यसमा लागि सेवा प्रदायकहरुले ग्राहकले धेरैपटक खोल्ने वेबसाइटदेखि अन्य कन्टेन्टलाई सो प्रदायकले आफ्नै क्यास सर्भरमा सुरक्षित राखेका हुन्छन् । ती कन्टेन्ट जब कसैले खोल्छ, क्यास सर्भरकै डेटा जान्छ । यसले गर्दा एउटै डेटा खोल्न विदेशबाट किनेर ल्याइएको ब्यान्डविथमा लोड पर्दैन । यो व्यवस्थाले इन्टरनेट सेवा प्रदायकको ब्यान्डविथ ट्राफिक (इन्टरनेटको भोल्युम) व्यवस्थापनमा सहयोग पुऱ्याउने गरेको इन्टरनेट सेवा प्रदायक संघका अध्यक्ष सुधीर पराजुली बताउँछन् । सामाजिक सञ्जाल बन्द भएसँगै अब यी सञ्जाल चलाउन भीपीएनको प्रयोग बढ्ने जोखिम हुन्छ । यो भनेको इन्टरनेट सेवा प्रदायकको सर्भरलाई 'इग्नोर' गरेर सिधै विदेशी सर्भरसँग जोडिने प्रक्रिया हो । यसो गर्दा इन्टरनेटको ब्यान्डविथ त इन्टरनेट सेवा प्रदायकले दिएकै पाइन्छ तर त्यो सर्भरसँग जोडिँदैन । त्यसैले प्रत्येक पटक कुनै वेबसाइट खोल्दा त्यसले ब्यान्डविथमा ट्राफिक लोड हुन्छ । यसले गर्दा इन्टरनेटको खपत बढी हुने अध्यक्ष पराजुली बताउँछन् । इन्टरनेट सेवा बन्द हुनुअघि देशमा प्रतिसेकेन्ड दुईदेखि अढाई टीबीपीएस (टेराबाइट प्रतिसेकेन्ड) गतिको इन्टरनेट ब्यान्डविथ खपत हुँदै आएको थियो । क्यास सर्भरको प्रयोगका कारण बचत भएपछि कायम भएको माग कुल माग हो । यसमा क्यास सर्भरले करिब तीन गुणा योगदान गर्ने अवस्था रहेको पराजुली बताउँछन् । यो हिसाबले हेर्दा अहिलेकै बराबरको माग मुख्य सर्भरबाट हुने हो भने ८ देखि १० टीबीपीएसको गति आवश्यक पर्नसक्ने उनको भनाइ छ । 'हामीसँग टिकटक बन्द हुँदाको अनुभव छ, यसले झण्डै तीन गुणा खपत बढाएको थियो, अहिले त्यसैलाई आधार मानेर अनुमान गर्न सकिने अवस्था छ,' उनले भने । नेपालको कानुन नमान्ने सामाजिक सञ्जालमाथि सरकारको एक्सन (सबै अपडेट एकैठाउँमा) नेपालको कानुन नमान्ने सामाजिक सञ्जालमाथि सरकारको एक्सन (सबै अपडेट एकैठाउँमा) कति छ आईएसपीको क्षमता ? अहिले इन्टरनेट सेवा प्रदायक (आईएसपी)हरु करिब ८० प्रतिशतको क्षमतामा चलिरहेका छन् । यसको अर्थ दुईदेखि २.५ टेराबाइटको क्षमतामा चल्नु भनेको सेवा प्रदायकसँग झण्डै ३ टेराबाइटको कुल क्षमता हुनु हो । अर्थात् करिब २० प्रतिशतको थप माग मात्रै अहिलेको क्षमताले घट्न सक्छ । यसको अर्थ सामाजिक सञ्जाल दर्ता हुन आएनन् र लामो समयसम्म रोकिनुपर्ने अवस्था भयो र यही नै बराबरको माग गर्नुपर्ने अवस्था भयो भने नेपालको सिस्टमले यो धान्नसक्ने अवस्था हुँदैन । यो समस्या समाधान गर्न आईएसपीहरुले ब्यान्डविथको पूर्वाधार बढाउनुपर्छ । यसका लागि लामो समय लाग्नसक्ने सेवा प्रदायकहरु बताउँछन् । तर यसका लागि पनि मुख्यतया दुईवटा अवरोध छन् ।

पहिलो, अहिले सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्ध कतिञ्जेल चल्छ भन्ने निश्चित छैन । ती सामाजिक सञ्जालहरु सूचीकरणको प्रक्रियामा जाने बित्तिकै फेरि सक्रिय भएहाल्छन् । त्यसैले तत्कालै यो पूर्वाधार बढाउनसक्ने अवस्था समेत देखिँदैन । अर्कोतर्फ भीपीएन चलाउनकै लागि सेवा प्रदायकले क्षमता बढाउने भन्ने कुरा सरकारी नीति अनुकूल समेत हुँदैन । त्यसैले क्षमता विस्तार तत्काल सम्भव हुने देखिँदैन । त्यति हुँदाहुँदै पनि यदि सेवाप्रदायकले पुरानो जस्तै सेवा दिने हो भने उनीहरुले थप ब्यान्डविथ किन्नुपर्छ । यसले लागत बढ्ने भएकाले यसको भार ग्राहकलाई नै पर्छ । क्यास सर्भर प्रयोग नभएको भए अहिलेकै क्वालिटीको इन्टरनेट सेवा दिन २ देखि ३ गुणा खर्च लाग्ने अवस्था रहेको सेवा प्रदायकहरु बताउँछन् । अब के हुन्छ ? सामाजिक सञ्जाल बन्द भएसँगै अब भीपीएन प्रयोग बढ्ने निश्चितप्राय: छ । यदि सामाजिक सञ्जाल चलाउने प्रवृत्ति बन्द हुनुअघिकै जति भयो भने अबको ब्यान्डबिथ माग ८ देखि १० टीबीपीएिस पुग्छ । यस अनुसार अहिलेको माग आपूर्तिको ३० देखि ४० प्रतिशत मात्रै रहेको देखिन्छ । यसले गर्दा माग र आपूर्तिबीच असन्तुलन हुन्छ यो भनेको विद्युतमा भएको लोडसेडिङको जस्तै अवस्था हो । तर विद्युतको लोडसेडिङजस्तो इन्टरनेट सेवामा कुनै समय कतै जाने कतै नजाने भन्ने चाहिँ हुँदैन । यसले सबै क्षेत्रमा हुने इन्टरनेट स्लो हुने समस्या हुन्छ । धेरै ग्राहक भएका सेवा प्रदायकलाई यसले समस्या सिर्जना गर्नसक्ने देखिन्छ । सामाजिक सञ्जाल बन्द हुँदा इन्टरनेट सेवा प्रदायकलाई केही दिनसम्मको लागि व्यवसायमा भने समस्या हुँदैन । उनीहरुले मासिकदेखि वार्षिक ग्राहक बनाउने भएकाले यो अवधि नसकिएसम्म सेवा निरन्तर हुन्छ । त्यो बेलासम्म पनि समस्या समाधान नभए यसले नवीकरण घटाउनसक्ने अवस्था देखिन्छ । सामाजिक सञ्जाल बन्दको सबैभन्दा ठूलो र तत्कालको माग दूरसञ्चार सेवा प्रदायकलाई हुन्छ । अहिले मोबाइलबाट लिइने डाटा प्याकहरु दैनिक, साप्ताहिक वा बढीमा मासिक रुपमा मात्रै हुने गरेका छन् । यो अवस्थामा सामाजिक सञ्जाल नचल्ने बित्तिकै ती प्याक लिने क्रम स्वत: घट्छ । यसले उनीहरुको आम्दानीमा प्रतिकूल असर पार्ने देखिन्छ । यद्यपि मेसेज र भ्वाइस कलमा सुधार आउने सम्भावना भने छ । नेपालमा रहेका दुवै सेवाप्रदायकले अहिले प्रतिबन्धित सामाजिक सञ्जाललाई निष्क्रिय गरिसकेका छन् । 'साइबर सुरक्षा' अर्को जोखिम नेपाल सरकारले दर्ता नभएका सामाजिक सञ्जालहरूमाथि लगाएको बन्देज र त्यसपछि नि:शुल्क भीपीएनको प्रयोग बढ्नु चिन्ताजनक छ ।

अमेरिकाको नर्थ सेन्ट्रल विश्वविद्यालयबाट साइबर सुरक्षामा विद्यावारिधि गरेका डा. रामहरि सुवेदीका अनुसार यस्तो कार्य गैरकानुनी मात्र नभई प्रयोगकर्ताका लागि व्यक्तिगत साइबर सुरक्षामा गम्भीर खतरा हो । 'नि:शुल्क भीपीएनहरूले प्रयोगकर्ताको उपकरणमा भाइरस, मालवेयर ( हानिकारक सफ्टवेयर) र जासुसी सफ्टवेयर (स्पाइवेयर) भित्र्याउन सक्छन्, जसले 'क्रिप्टोज्याकिङ' मार्फत प्रयोगकर्ताको कम्प्युटिङ शक्ति दुरुपयोग गर्ने, व्यक्तिगत डाटा चोरी गर्ने, पहिचान चोरी, वित्तीय ठगी र ब्ल्याकमेलसम्मका घटना बढाउँछ । यसले उपकरणलाई सुस्त बनाउने, ब्याट्री छिटो सकिने र अनावश्यक डाटा खपत हुने समस्या पनि निम्त्याउँछ,' उनी भन्छन् । यसको व्यापक प्रयोगले राष्ट्रिय साइबर सुरक्षामा समेत गम्भीर असर पार्ने उनको भनाइ छ । 'यसले देशको डिजिटल सार्वभौमिकतामाथि चुनौती दिन्छ र सरकारलाई इन्टरनेट गतिविधिहरूमाथि निगरानी तथा नियमन गर्ने क्षमता गुम्छ,' उनी भन्छन्, 'ह्याकर समूह वा राज्य-प्रायोजित साइबर अपराधीहरूले यसको आवरणमा संवेदनशील सूचना सङ्कलन गर्न वा साइबर आक्रमणको पूर्वाधार तयार पार्ने जोखिम बढ्छ, जसले नेपालको महत्त्वपूर्ण पूर्वाधारमाथि आक्रमणको खतरा बढाउँछ र साइबर अपराध नियन्त्रण गर्न जटिलता थप्छ ।' सुरक्षित डिजिटल वातावरणका लागि सरकार, नागरिक समाज र प्रविधि प्रदायक सबैको संयुक्त भूमिका अपरिहार्य भएको डा. सुवेदी बताउँछन् । 'सरकारले साइबर सुरक्षा सम्बन्धी बलियो कानुन बनाउने, डिजिटल साक्षरता बढाउने, प्रहरीको अनुसन्धान क्षमता आधुनिकीकरण गर्ने र आफ्नै सुरक्षित डाटा केन्द्र तथा डिजिटल पूर्वाधारमा लगानी गर्नुपर्छ,' उनी भन्छन्, 'प्रयोगकर्ताले पनि बलियो पासवर्ड, दुईचरण प्रमाणीकरण, गोपनीयता सेटिङ र अपरिचित लिङ्क तथा जानकारीमा सावधानी अपनाउनु अनिवार्य छ ।' ***-रातोपाटी डटकम***

# गुल्मीमा मकैको पिठो 'ब्राण्डिङ'



**गुल्मी,** भदौ २३/जिल्लामा पहिलो पटक मकैको पिठो ब्राण्डिङ गर्न सुरु गरिएको छ । मुसिकोट नगरपालिकामा साना किसान कृषि सहकारी संस्थाले मकैको पिठो ब्राण्डिङ गर्न लागेको हो ।

मुसिकोट-४ स्थित फेदीमा खाद्य प्रशोधन उद्योग स्थापना गरेर मकैको पिठोको ब्राण्डिङसँगै त्यसको बजारीकरण गर्न लागिएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ, नगरपालिका र कृषि ज्ञान केन्द्रको रु ७३ लाख तथा साना किसान सहकारी संस्थाको रु १६ लाख ५० हजार गरी करिब रु ९० लाखको लागतमा प्रशोधन उद्योग स्थापना गरिएको छ । साना किसान कृषि सहकारी संस्थाबाट उत्पादित पिठो स्थानीय बजारदेखि बुटवलसम्म पुग्ने गरेको साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष हरि छन्तेलले बताए । साना किसान सहकारीले स्थानीय किसानबाट प्रतिपाथी रु २०० मा मकै खरिद गरेको छ । किसानबाट खरिद गरेको स्थानीय जातको मकैलाई उद्योगमा प्रशोधन गरी त्यसलाई लेबलिङ र प्याकेजिङ गरेर बजारमा पठाइएको अध्यक्ष छन्तेलले बताए । यसरी प्रशोधन गरेर तयार गरिएको मकैको पिठोको मूल्य प्रतिकिलो रु १३० निर्धारण गरिएको छ । तत्कालीन प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइबाट मकैको प्रशोधन, लेवलिङ र प्याकेजिङ गर्ने उपकरणमा कार्यालयबाट ८५ प्रतिशत अनुदान उपलब्ध गराइएको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका प्रमुख रमेश जैसवालले जानकारी दिए । यस आर्थिक वर्षमा सहकारीमार्फत स्थानीय बजारहुँदै बुटवल र काठमाडौँसम्म ३५ टन बराबरको पिठो बिक्री गर्ने लक्ष्य रहेको साना किसान कृषि सहकारी संस्थाका व्यवस्थापक विवेक पेमीले बताए ।

नगरपालिकाका प्रमुख जिवलाल खरेल जीवनले गाउँमा केही भएन भनेर भाष्य निर्माण गर्नेका लागि साना किसान सहकारीले गतिलो उदाहरण प्रस्तुत गरेको बताए । उनले सहकारीबाट उत्पादित मकैको पिठोलाई बजारीकरण गर्न नगरपालिकाबाट सक्दो सहयोग गर्ने बताए । उनले बजारमा उक्त पिठोको माग बढ्दै गएको बताए । विसं २०६३ मा घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गरेर स्थापना गरिएको उक्त सहकारी संस्थाले नगरपालिकाअन्तर्गत वडा नं २, ३ र ४ का करिब ३०० घरधुरीलाई प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउँदै आइरहेको छ । *-रासस*

# सुरू भयो सोह्रश्राद्ध



**पाल्पा,** भदौ २३/प्रत्येक वर्ष आश्विन कृष्ण प्रतिपदादेखि सुरु हुने सोह्रश्राद्ध अर्थात् पितृपक्ष सोमबारदेखि सुरू भएको छ । सोह्रश्राद्धमा दिवंगत पितृका नाममा तर्पण, सिदादान र पिण्डदान गरिन्छ । आश्विन कृष्ण प्रतिपदादेखि आश्विन शुक्ल प्रतिपदासम्मका सोह्रवटा तिथिमा दिवंगत पितृलाई सम्मानका साथ तर्पण, सिदादान र पिण्डदान गरिने भएकाले यो पक्षलाई पितृपक्ष एवं सोह्रश्राद्धसमेत भन्ने गरिएको हो ।

पितृपक्षको पहिलो दिन हिजो प्रतिपदा तिथि श्राद्ध गरिएको छ । चाडपर्व यज्ञयज्ञादि तथा ठूला कार्य गर्नुअघि पितृलाई श्रद्धाभक्तिका साथ सम्झिने वैदिक सनातन हिन्दू शास्त्रीय परम्पराअनुसार सोह्रश्राद्ध गर्ने गरिएको हो । यस समयमा पितृले आस गरी बसेका हुन्छन् भन्ने शास्त्रीय मान्यता छ । पितृपक्षका वेलामा पितृलोकबाट दिवंगत पितृहरू पिण्ड, पानीको आसले मर्त्यलोकमा झर्छन् भनी धर्मशास्त्रका हेमाङ्गि,वीरमित्रोदय, निर्णयसिन्धुलगायत ग्रन्थमा उल्लेख गरिएको छ । हाम्रो समाज पितृप्रधान रहेकाले मूल पुरुषको तिथीमा अन्य पूर्खालाई स्मरण गरी श्राद्ध गरिने परम्परा रहेको छ । एकतिष्ट, पार्वानी, महालयलगायत श्राद्ध प्रचलनमा छ । सोह्रश्राद्धलाई महालय पनि भनिन्छ । श्राद्ध भनेको दिवंगत आत्मालाई श्रद्धार्पण गर्ने काम हो । सोह्रश्राद्धको वैदिक संस्कृतिमा विशेष महत्व छ । यस अवसरमा शास्त्रीय रूपमा दिइएका विकल्प अनुसारका कर्म नगरे पितृ सुस्केरा निकाली सन्तानलाई श्राप दिई फर्कन्छन् भन्ने वाक्य ती ग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद्हरूको भनाइ छ । यसरी सोह्रश्राद्ध गर्नाले पितृप्रतिको आफ्नो दायित्वबोध पूरा हुनुका साथै पितृऋणबाट पनि मुक्त भइन्छ भन्ने धार्मिक विश्वास छ । वैदिक सनातन हिन्दू धर्मावलम्बीले ठूला मांगलिक कार्य गर्नु अगाडि नान्दीमुखी श्राद्ध, पितृको मृत तिथिमा गर्ने एकोद्दिष्ट श्राद्ध, सोह्रश्राद्धमा गर्ने पार्वण श्राद्ध, सोह्रश्राद्धमा मृत्यु भएकाको सम्झनामा गरिने एक पार्वण श्राद्ध, तीर्थमा गरिने तीर्थ श्राद्ध र बद्रीको बह्मकपाल तीर्थमा गरिने ब्रह्म कपाली जस्ता श्राद्धहरू प्रचलित रहेका छन् ।

## खेलकुद समाचार

### भारतीय क्रिकेट बोर्डले १ खर्ब ४६ अर्ब कमायो



**काठमाडौं,** भदौ २३/भारतीय क्रिकेट नियन्त्रण बोर्ड (बीसीसीआई) को कुल बैंक मौज्दात २ खर्ब ६ अर्ब ८६ करोड भारतीय रुपैयाँ पुगेको छ । बीसीसीआईले पछिल्लो ५ वर्षमा मात्रै १ खर्ब ४६ अर्ब २७ करोड भारु कमाएको एक रिपोर्टलाई उद्धृत गर्दै समाचार एजेन्सी पीटीआईले जनाएको छ । गएको आर्थिक वर्ष २०२३/२४ मा मात्र बीसीसीआईले ४१ अर्ब ९३ करोड भारु आम्दानी गरेको थियो । राज्य क्रिकेट सैहरूको वित्तीय प्रतिवेदन अनुसार यो जानकारी सार्वजनिक भएको हो । यद्दपि अन्तर्राष्ट्रिय क्रिकेट खेल र मिडिया अधिकारबाट हुने राजस्वमा भने गिरावट आएको खबरमा उल्लेख छ । अन्तर्राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिताबाट हुने राजस्व २०२३/२४ मा ३ अर्ब ६१ करोड २२ लाख पुगेको छ, यो गएको वर्षको ६ अर्ब ४२ करोड ७८ लाख भारुभन्दा कम हो । यसबाहेक मिडिया अधिकारबाट हुने आम्दानी पनि २५ अर्ब २४ करोड ८० लाखबाट घटेर ८ अर्ब १३ करोड १४ लाख भारु पुगेको छ । यो कमी अन्तर्राष्ट्रिय खेलहरू कम हुनु र आईसीसी क्रिकेट विश्वकप २०२३ को आयोजनाका कारणले भएको हो । यस्तै इन्डियन प्रिमियर लिग (आईपीएल) बाट हुने आम्दानी र अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) बाट प्राप्त शेयरका कारण सन् २०२३-२४ मा बीसीसीआईको नाफा १६ अर्ब २३ करोड ८ लाख छ । यो गएको वर्षको ११ अर्ब ६७ करोड ९ लाख ९० हजार भारुभन्दा धेरै हो । बीसीसीआई विश्वको सबैभन्दा धेरै धनी क्रिकेट बोर्ड हो ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत

डस्प्लेमा

विज्ञापन

दिनुहोस्

व्यवसाय

बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

### शेयर बजार उच्च अङ्कले घट्यो



**पाल्पा,** भदौ २३/ शेयर बजार सोमबार उच्च अङ्कले घटेको छ । शेयर बजार परिसूचक नेप्से ३५ दशमलव ९९ अङ्कले घटेर २ हजार ६ सय ७२ दशमलव २५ विन्दुमा झरेको छ । योसँगै नेप्से लगातार ५ कारोबार दिन घटेको छ ।

सोमबार सबै समूहको शेयर घटेकोमा व्यापार समूहको शेयर ३ दशमलव ३१ प्रतिशतले ओरालो लागेको छ । २ सय २९ वटा कम्पनीको शेयर घटेकोमा २२ वटाको बढेको छ । बाराही हाइड्रोपावर कम्पनीको शेयर ५ दशमलव २८ प्रतिशतले घटेको छ । बजार उच्च अङ्कले ओरालो लागेको दिन हिम स्टार ऊर्जा कम्पनीको शेयर भने १० प्रतिशतले बढेको छ । नेप्से घटे पनि कारोबार रकम भने बढेको छ । आइतबार ४ अर्ब ४० करोडको कारोबार भएकोमा आज ३ सय २० वटा कम्पनीका १ करोड १७ लाख कित्ता शेयर ५ अर्ब २३ करोड रुपैयाँमा किनबेच भएको छ ।

## आज बीपी...

...एक महिनापछि सेनाको सुन्दरीजल आर्सनलका प्रमुखको सरकारी निवासलाई वरिपरि पर्खालले घेरेर नेता कोइराला, संसद्का प्रथम सभामुख कृष्णप्रसाद भट्टराई, नेता गणेशमान सिंहलगायत मन्त्रीलाई सुन्दरीजल बन्दी गृहमा सारियो ।

विसं २०२५ मा स्वास्थ्य परीक्षणका लागि जेल मुक्त भएका कोइरालाले आठ वर्षसम्म भारतमा निर्वासित जीवन बिताए । भारतमा निर्वासित भएर प्रजातन्त्र पुन:स्थापनाका पक्षमा सैर्ष गर्दा राष्ट्रियता कमजोर भएको विश्लेषण गरी आठ वटा ज्यान मुद्दाको पर्वाह नगरी २०३३ साल पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई उनी स्वदेश फर्किए । उनले अपनाएको मेलमिलापको नीति आज पनि मुलुकको राजनीतिमा उत्तिकै सान्दर्भिक मानिन्छ । मेलमिलापको नीति लिएर नेपाल फर्किएपछि बहुदल वा सुधारिएको पञ्चायत भन्ने विकल्पमा जनमत सङ्ग्रहको वातावरण बन्यो । धाँधली गरेर बहुदललाई हराएको भनि देशव्यापी गुनासो भए पनि बीपीले निर्वाचन परिणामलाई स्वीकार गरे । क्यान्सर रोगले बीपीको वि.स. २०३९ साउन ६ गते निधन भएको थियो ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी .कम

www.shittalpati.com

डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई